नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
रेडियो प्रसार सेवा विकास समिति
(रेडियो नेपाल)

पत्र संख्या प.पू. १/०७८/८० च.नं.१

२०७९/०४/१८

# रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) को

# सूचना

यस समितिको कर्मचारी सेवा शर्त नियमावली २०७७ को नियम ३७ तथा समितिको करार, शिफ्ट वा वुलेटिन वेसिस र सेवा करार वा ज्यालादारीमा जनशक्ति नियुक्ति सेवा शर्त तथा मापदण्ड सम्वन्धी निर्देशिका २०७८ को दफा ७, ८, ९, १० र १७ अनुसार सिफ्ट वा बुलेटिन वेसिसमा नियुक्तिको लागि तपसिलका पदहरुमा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको वा रित नपुगेका आवेदन उपर कारवाही गरिने छैन ।

**(क) पद** : रिपोर्टर
**आवश्यक संख्या** : २ (दुई)
**सेवाको किसिम** : सिफ्ट वेसिस ।
**गर्नुपर्ने कामको विवरण** : समाचार संकलन तथा लेखन, रिपोर्टिङ्ग तथा Online मा News Upload गर्ने ।
**शैक्षिक योग्यता** : प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी समाचार संकलन सम्वन्धी एक वर्षको अनुभव (Online मा काम गरिसकेकालाई प्राथमिकता) ।

**(ख) पद** : समाचार वाचक (नेपाली भाषाका लागि)
**आवश्यक संख्या** : १ (एक)
**सेवाको किसिम** : बुलेटिन वेसिस ।
**गर्नुपर्ने कामको विवरण** : सम्वन्धित भाषाको ज्ञान, समाचार लेखन, वाचन तथा सम्पादन गर्ने ।
**शैक्षिक योग्यता** : प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण र सम्वन्धित भाषाको ज्ञान भई समाचार वाचन सम्वन्धि कार्यमा १ वर्षको अनुभव ।

**(ग) पद** : रिपोर्टर (भिडियोग्राफरको रुपमा)
**सेवाको किसिम** : सिफ्ट वेसिस ।
**आवश्यक संख्या** : १ (एक)
**गर्नुपर्ने कामको विवरण** : Online News Portal का लागि Video र Graphics सम्वन्धि काम गर्न सक्ने साथै Online का लागि News reporting र Upload गर्ने ।
**शैक्षिक योग्यता** : प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी समाचार संकलन सम्वन्धी १ वर्षको अनुभव साथै Online का लागि Video र Graphics सम्वन्धी काम गर्ने सीप दक्षता पनि भएको हुनुपर्ने ।

प्रमुख
प्रशासन महाशाखा

पो.ब: ६३४, सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. ४२११९१०, ४२११६४९, ४२११७०५ टोलफ्री: १६६००११२१११
फ्याक्स: ९७७-१-४२११९५२, इमेल: rne@radionepal.gov.np, वेबसाइट: www.radionepal.gov.np
FM: 98, 100, 103, MHz MW: 576, 648, 684, 792, 810, 1143 kHz, SW 5005 kHz



CamScanner

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
रेडियो प्रसार सेवा विकास समिति
(रेडियो नेपाल)

पत्र संख्या

**आवेदनका साथ संलग्न हुनु पर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्र ।

२ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र ।

**सेवाको शर्तहरु :**

१. **काम गर्नु पर्ने स्थान** : केन्द्रिय कार्यालय सिंहदरवार ।

२. **उमेर हद** : १८ वर्ष पूरा भई ३५ बर्ष ननाघेको तर महिलाको हकमा ४० बर्ष ननाघेको ।

३. **पारिश्रमिक** : सम्झौतामा उल्लेख भए अनुसार ।

४. **विदा** : समितिको स्वीकृत करार मापदण्ड २०७८ अनुसार ।

५. **परीक्षाको किसिम** : प्रयोगात्मक र अन्तरवार्ता ।

६. **अन्तरवार्ता मिति** : पछि प्रकाशित गरिनेछ ।

७. **करारको अन्त्य** : करारको अवधि समाप्त भएमा वा तोकिएको जिम्मेवारी पुरा नगरेमा, पदीय अनुशासन पालना नगरेमा, समितिको आचारसंहिता विपरित कार्य गरेमा वा सेवा सन्तोषजनक नभएमा वा समितिलाई आवश्यक नभएको खण्डमा र उमेरको हद ५८ वर्ष पुगेमा स्वत: करार अन्त्य हुनेछ ।

................................
(बद्रिबिशाल तण्डुकार)
प्रमुख
प्रशासन महाशाखा

पो.ब: ६३४, सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. ४२११९१०, ४२११६४९, ४२११७०५ टोल फ्रि: १६६००११२१११
फ्याक्स: ९७७-१-४२११९५२, इमेल: rne@radionepal.gov.np, वेबसाइट: www.radionepal.gov.np
FM: 98, 100, 103, MHz MW: 576, 648, 684, 792, 810, 1143 kHz, SW 5005 kHz



CamScanner